**नेपाली / *NEPALI***

**लागि: विद्यार्थी, संकाय र कर्मचारीहरू**
**बाट: Robert Cramer,** अर्थ तथा प्रशासनका उपकुलपति
**विषय: जुलाई ३० तारिखको क्याम्पस भवनहरूलाई शीतल बनाउने समस्याहरूका बारेमा अपडेट**

आदरणीय क्याम्पस समुदाय,

गएका केही हप्ताहरूमा चिसो पानी लग्ने पाइपको प्रणालीलाई मर्मत गरेर सामान्य परिचालनमा ल्याउने क्रममा तपाईंको निरन्तर लचिलोपनका लागि फेरि पनि धन्यवाद। यी प्रयासहरू अघि बढ्ने क्रममा संकाय, कर्मचारी, विद्यार्थी र कैयौँ पाहुनाहरूको भलाइ एकदमै महत्त्वपूर्ण रहेको छ।

म यो घोषणा गर्न खुशी छु कि **सबै बन्द र आंशिक रूपमा बन्द गरिएका भवनहरू अगस्ट १० तारिखमा फेरि पुरै खुल्नेछन्**। सबै कर्मचारीहरू यस मितिमा आफ्ना काममा फर्कनु पर्नेछ। केही प्रश्नहरू भएमा आफ्नो सुपरभाईजरसँग कुराकानी गर्नुहोला।

परिसर योजना तथा व्यवस्थापन (*FP&M*) र भवन म्यानेजरहरूले बन्द भएको बेलामा परिसरहरू निगरानीमा राखेका थिए र अगस्ट १० तारिखमा खुल्न तयार भवनहरूमा जाँचहरू सक्दैछन्। परिसरहरू खोल्नका लागि लिइएका कदमहरू र फेरि खोलिएका सेवा सम्बन्धी थप विवरणहरू अपडेट गरिएको धेरै सोधिएका प्रश्नहरूको वेबसाईटमा हेर्नुहोला।

यदि तपाईसँग तपाईंको सुपरभाईजरले जवाफ दिन नसक्नुहुने प्रश्नहरू छन् भने, कृपया chilledwaterconcerns@wisc.edu मा ईमेल पठाउनुहोला।

तापक्रम र हावामा हुने ओसको बदलहरू निगरानी हामीले गरिरहेका छौं। यस समयमा क्याम्पसमा शीतलता प्रदान गर्न अस्थायी शीतल बनाउने मेशिनहरूले महत्त्वपूर्ण भूमिका खेलेका छन्। आवश्यकता नभएपछि, शीतलता प्रदान गर्ने मेशिन र जेनरेटरहरू हटाइनेछ।

हाम्रो टोली र पार्टनरहरूले यस आपत्कालीन चुनौतीलाई सम्बोधन गरेर भविष्यका आवश्यकताहरू अपेक्षा गर्न गर्नुभएको काम देखेर म अझै पनि प्रसन्न छु।

तपाईंको सहायता र समझदारीको लागि फेरि पनि धन्यवाद।

Robert Cramer
अर्थ तथा प्रशासनका उपकुलपति